# मन्थली नगरपालिकाको नगरसभाको तेह्रौं अधिवेशनमा नगर प्रमुखबाट प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

मन्थली नगरपालिकाको नगरसभाको १३ औं अधिवेशनमा उपस्थित उपप्रमुखज्यू, नगरसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सबै कर्मचारीहरु, पत्रकार मित्रहरु र रेडियो सुनेर बसिरहनु भएका सम्पूर्ण नगरबासी आमाबुवा, दिदीवहिनी तथा दाजुभाईहरु,

सर्व प्रथम मन्थली नगरपालिकाको तेह्रौं अधिवेशनको अवसरमा राष्ट्र, राष्ट्रियता र सार्वभौमसत्ताको रक्षाका लागि भएका राजनैतिक लगायतका आन्दोलनमा दिवंगत हुनु हुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। राजनैतिक आन्दोलनमा घाईते हुन पुग्नु भएका सबै नेपालीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

**नगरसभाका सदस्यज्यूहरु,**

नेपालको संविधान बमोजिम गठित संघ, प्रदेश र स्थानीय गरी तीनै तहको सरकार जन अपेक्षाको प्राप्तीका लागि समन्वय, सहकार्य र सहअस्तित्वको सिद्दान्त अनुरुप क्रियाशिल रहेका छन्। मन्थली नगरपालिका पनि उपलब्ध भएका सीमित स्रोत र साधनका बीच नगरवासीको अधिकतम हितका लागि सदैव क्रियाशिल रहेको यहाँहरुमा विदितै छ । नेपाल सरकारले परिकल्पना गरेको ***समृद्ध नेपाल सुखी नेपालीको*** भन्ने मुल मर्म र मन्थली नगरपालिकाको ***शिक्षित, स्वस्थ र व्यवसायिक शहरः उत्थानशिल र समृद्व मन्थली नगर*** भन्ने दिर्घकालीन सोच पुरा गर्ने तर्फको पाइला नै आजको हाम्रो कार्यभार हो ।

यसै कार्यभार पुरा गर्नका लागि प्राप्त स्रोत र साधनको यथोचित वितरण तथा समुचित उपयोगका लागि हामी जनप्रतिनिधिहरु आजको यस गरीमामय सभामा सहभागी छौं । नगरपालिकाको कार्य सम्पादनका लागि विभिन्न राजनैतिक दल लगायत अग्रज विद्वान वर्गबाट प्राप्त सुझाव र विभिन्न ऐन नियममा भएका व्यवस्था अनुसार गठित समितिहरुबाट भएका निर्णयहरुका आधारमा सभाको अध्यक्षको हैसियतले मैले आ.व २०८०/०८१ को नीति तथा कार्यक्रम तयार गरी सभामा पेश गर्ने तयारीमा रहेको छु । प्राप्त सीमित स्रोतलाई मध्यनजर गर्दै मन्थली नगरको आवश्यकताको आधारमा नीति, नीतिको आधारमा कार्यक्रम र कार्यक्रमको आधारमा वजेटको तालमेल मिल्ने गरी नीति तथा कार्यक्रम तयार गरिएको छ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा हामी सबैको प्रतिवद्धता रहने पनि आशा गर्दै प्रस्तुत गर्ने अनुमति चाहन्छु । चालु आ.व ०७९/८० को प्रगतिको सामान्य समीक्षा गर्दै यसबाट प्राप्त प्रतिफलका आधारमा तयार गरिएको प्रस्तुत नीति तथा कार्यक्रम यो सभाको अधिवेशनबाट पारित गराई कार्यान्वयन गर्न नगरसभाका

सबै सदस्यज्यूहरुको रचनात्मक र सिर्जनात्मक सोच सहित सकारात्मक भूमिकाको अपेक्षा पनि गरेको छु।

**यस नगरपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका आधारहरु लिइएको छः**

- नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन, २०७४ र दीगो विकास लक्ष्य, २०१६–२०३०,
- पन्ध्रौ योजना,२०७६/०७७-२०८०/०८१ र मन्थलीनगरको आवधिक योजना-२०७८/०७९-२०८२/०८३,

नेपाल सरकार तथा वागमति प्रदेश सरकारको नीति तथा कार्यक्रम साथै नगरपालिका आफैले गरेका आवधिक समीक्षाहरु र सार्वजनिक सुनुवाईबाट प्राप्त सुझावहरु, नगरपालिकाका ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु साथै नगरकार्यपालिका तथा सभाका विगतका निर्णयहरु र उपलब्ध स्रोतसाधनको विद्यमान अवस्थालाई मध्यनजर गरी कार्यपालिका र नगरसभाका सबै विषयगत समितिबाट प्राप्त निर्णय तथा सुझावहरु र प्रबुद्ध वर्ग एवं सर्वसाधारणहरुबाट समयसमयमा प्राप्त सुझावहरुलाई समेत आधार मानिएको छ ।

उल्लेखित कानूनी र नीतिगत व्यवस्थालाई आधारको रुपमा लिइ आगामी आ.व. ०८०-८१ को योजना तथा बजेट तर्जुमा गर्दा क्रमशः क्रमागत आयोजनाको निरन्तरता, वडा र अन्य निकायसँग साझेदारी, ठूला पूर्वाधार निर्माण, बालमैत्री स्थानीय शासन नगर घोषणा, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा पर्यटन, विपद व्यवस्थापन, रोजगारी सिर्जना, लक्षित वर्गका कार्यक्रमहरु र सुशासनलाई प्राथमिकता दिएर कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गरिएको छ।

**नगरसभाका सदस्यज्यूहरु,**

नगरसभाको एघारौं अधिवेशनबाट स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयनले चालु वर्षमा लिइएका लक्ष्य र उद्देश्य अधिकांश हासिल हुने क्रममा रहेका छन्। अव म चालु आ.व.२०७९/८० मा कार्यान्वयनमा रहेका कार्यक्रम र प्रमुख उपलब्धिहरुलाई प्रस्तुत गर्न चाहन्छु ।

## सार्वजनिक सेवा प्रवाह र क्षमता विकास तर्फ

१. नगरपालिकाले आफ्ना अधिकार क्षेत्र भित्रका राजश्वका शीर्षकहरुमा आन्तरिक आय संकलन रु ३ करोड ७३ लाख आम्दानी हुने पूर्वानुमान गरिएकोमा २०८० असार ८ गते सम्म रु २ करोड ३६लाख ८९ हजार ९ सय ३८ आम्दानी भएको छ। यो रकम कूल प्रक्षेपित आम्दानीको ६३.५१ प्रतिशत हो।

२. चालु आ.व. २०७९/०८० को असार ८ गतेसम्म चालु खर्च ५१ करोड १८ लाख २७ हजार (६८%) र पुँजीगत खर्च २० करोड ७० लाख २९ हजार (५५%) गरी जम्मा ७१ करोड ८८ लाख ८८ हजार (६३ %) खर्च भएको छ।

३. नगरपालिकाको समग्र विकास निर्माणको बारेमा नागरीकहरुलाई जानकारी गराउन र सुझावहरु प्राप्त गर्न सालुपाटी वजार र गेलु सावाडाँडामा सार्वजनिक सुनुवाई गरिएको छ। साथै त्यस समयमा स्वास्थ्य, पशुसेवा र कृषि लगायतका सेवाहरु प्रदान हुने गरी घुम्ती सेवा शिविर समेत सञ्चालन गरिएको छ।

४. नया जनप्रतिनिधिको समेत क्षमता विकास गर्दै लैजानका लागि विकास र प्रशासनको क्षेत्रमा अनुभव प्राप्त स्रोत व्यक्ति मार्फत आवधिक योजना, ऐन, नियम  निर्माण, क्षमता विकास योजना निर्माण लगायत विषयमा एक दिने र दुई दिने अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम ३ पटक आयोजना गरिएको छ।

५. दुर सञ्चार प्राधिकरणको सहयोगमा अप्टिकल फाईबर १४ वडा कार्यालयहरु, २४ स्वास्थ्य संस्थाहरु र ६७ विद्यालयहरुमा विस्तार एवं जडान कार्य भइरहेको छ र यसबाट वडाबाटै राजश्व संकलन गर्न सहज हुनेछ।

६. व्यक्ति वा संस्थाका कुनैपनि भुक्तानिलाइ विद्युतिय भुक्तानी प्रणालि- EFT बाट गरी नागरीकले सहज र सरल अनुभुति हुनेगरी बैंक खातामा भुक्तानी गरिएको छ।

७. वडा नं १ बाट प्रत्येक घरको घर नम्बर कायम गर्ने कार्यको थालनी गरिएको छ ।

## कृषि विकास तर्फ

१. उत्पादन पकेट विकास कार्यक्रम मार्फत वडा नं १,४ र ५ मा ६९ घरधुरी लाभान्वित भएका छन्।

२. रामेछाप बहु प्राविधिक शिक्षालयमा डिप्लोमा तहमा कृषि संकायमा नगरभित्रका १६ जना छात्रा/छात्रहरु छात्रृवत्तिमा अध्ययन गरीरहेका छन् ।

३. अमिलोजात फलफूलबालीमा लाग्ने फल कुहाउने औंसा कीरा नियन्त्रणका लागि वडा नं ४, १३ र १४ का कृषकहरुलाई विषादी खरिद लागत सहभागितामा किसानको

२५%, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, (जुनार जोन) सँगको सहकार्यमा विषादी ३०४ लिटर वितरण गरी ६४ घरधुरी लाभान्वित भएका छन् ।

४. नगरका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा ५ हजार १ सय ३० किलो मकै र ५ हजार ६ सय ८४ किलो धानबालीको उन्नत जातको बीउ वितरण गरिएको छ।

५. नगर स्तरीय कृषि तथा पशुपन्छी प्रोफाइल निर्माण गर्न तथ्याङ्क संकलन भई विश्लेषण कार्य भई रहेको छ।

## पशु सेवा शाखा तर्फ

१. डिस्पेन्सरी कक्ष सञ्चालन तथा पशु सेवा केन्द्रहरुका लागि औषधि व्यवस्थापन गरिएको छ ।

२. पशुहरुमा देखा परेको लम्पी महामारी नियन्त्रणका लागि ३३ सय गाँई भैसीहरुमा खोप लगाइएको र ६११ घरधुरी कृषकको ९८९ पशुहरुमा थप उपचार सेवा गरी नियन्त्रणको प्रयास गरिएको छ ।

३. दुध उत्पादनलाई प्रोत्साहन गर्न दुग्ध डेरी उघोगहरुमा दुध विक्री वितरण गर्ने ५०४ जना कृषकहरु लाई प्रति लिटर २।- रुपैयाका दरले पौषमसान्तसम्म ६ लाख ९७ हजार ७ सय ८० लिटर दुधको १४ लाख ८ हजार २ सय १७ अनुदान वितरण गरिएको छ ।

४. भैसीमा सुत्केरी स्याहार प्रोत्साहन भत्ता अनुदान असोज मसान्त सम्म सुत्केरी भएका १६२ जना कृषकका १७० वटा भैसीहरु लाई प्रति भैसी २ हजार ५ सय का दरले कुल जम्मा ४ लाख २५ हजार रकम अनुदान वितरण गरिएको छ ।

५. जोनोटिक रोग (रेविज रोग) तथा परजिवी नियन्त्रण सम्वन्धी शिविर मार्फत ९ वटा वडामा सञ्चालन गरी १ हजार २६ घर धुरीको २२ हजार ५३ पशुपन्छीहरुमा परजिवी रोग नियन्त्रणमा सघाउ पुगेको छ ।

६. कृत्रिम गर्भाधान सेवा १ हजार ८ सय ३८ वटा गाई/भैसीमा, ३९ हजार ७ सय ६४ वटा मेडिकल उपचार सेवा, ५१३ वटा माईनर सर्जिकल उपचार सेवा, २९७ वटा प्रयोगशाला सेवा, २३९ वटा गाईनोकोलोजी सेवा, ७९८ वटा कुकुर विरालोमा खोप सेवाः (रेबिज खोप सेवा), २१ हजार ५ सय वटा भेडा बाख्राहरुमा पि.पि.आर.खोप सेवा प्रवाह गरिएको छ ।

## रोजगार सेवा केन्द्र तर्फ

१. बेरोजगार व्यक्तिहरु मध्ये निवेदन गर्ने ५१७ जना पुरुष र ३७१ जना महिला गरी ८८८ जना सूचीकृत गरिएको छ।

२. २०८० वैशाख १ गते बाट सुरु भएको वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृति कार्य नगरपालिकाबाट सुचारु गरिएको छ ।

३. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुनःएकीकरण कार्यक्रम अन्तर्गत ३० दिने प्लम्बिङ सम्बन्धी तालिमवाट १७ जना लाभान्वित भएका छन् ।

## लघु उद्यम विकास तर्फ

१. वडा नं ३, १२ र १४ मा उद्यमशिलता विकासमा ७७ जना र पशुपालन तालिममा ९२ जना लाभान्वित भएका छन्। लाभान्वितहरु मिलेर ८ वटा लघु उधमी समूह गठन भएका छन्।

२. लघुउद्मम सम्वन्धी विभिन्न विषयका तालिम कार्यक्रमवाट ११२ जना लाभान्वित भएका छन्।

३. वडा नं २, ४, ५ र ९ का ४५ जना लघुउद्यमीहरुलाई प्लाष्टिक टनेल, पानी टयाङ्की लगायतका उद्यमी मैत्री प्रविधि हस्तान्तरण गरिएको छ ।

## सुरक्षित आप्रवासन कार्यक्रम तर्फ

१. बैदेशिक रोजगारीमा गएका परिवारका ८० जनालाई ३ वटा समूह मार्फत २१ हप्ते बित्तीय साक्षरता कक्षा सञ्चालन गरिएको छ । यसबाट उनीहरुको परिवारमा प्राप्त हुने बिप्रेषणलाई आयमूलक क्रियाकलापमा लगाउन आवश्यक क्षमता बिकास गरिएको छ ।

२. मनोसामाजिक समस्या भएका २५ जनालाई नियमित मनोसामाजिक परामर्श सेवा दिईएको छ ।यसबाट यस्ता समस्याका कारण समुदायमा घट्ने बिभिन्न घटनाहरु न्यूनीकरणमा सहयोग पुगेको छ ।

३. बैदेशिक रोजगारीलाई सुरक्षित, ब्यवस्थित र मर्यादित बनाउन आप्रवासी स्रोत केन्द्र मार्फत ९ हजार ३ सय ९६ जनालाई सूचना तथा परामर्श सेवा, ३२ जना पिडितहरुलाई न्यायका लागि सहजिकरण गर्दै १६ वटा मुद्दाको समाधान, २३ जनालाई निशुल्क सीप तालिम प्रदान, १६ वटा समुदायमा ४५९ जनालाई समुदाय अभिमुखीकरण गरिएको छ । साथै वडामा कार्यरत रिर्टनी स्वयमसेवक मार्फत २ हजार ३ सय २४ जनालाई सूचना तथा परामर्श प्रदान गरिएको छ ।

## शिक्षा, युवा तथा खेलकुद तर्फ

१. १२ वटा वडामा शैक्षिक सुधारका लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न तथा थप १६ वटा विद्यालयमा सूचना प्राविधिको - ICT को व्यवस्था गरिएको छ। जसवाट गुणस्तरीय शिक्षामा टेवा पुगेको छ।
२. ५ दिने बाल मनोविज्ञानमा आधारित शैक्षिक सामाग्री निर्माण कार्यशाला सञ्चालन गरी ८० वटा वाल कक्षाहरुमा बालकेन्द्रित शिक्षणको प्रयोग गर्ने वातावरण निर्माण गरिएको छ ।साथै १४ वटै वडाबाट एक एक जना विद्यार्थीलाई कक्षा ११ र १२ मा निःशुल्क विज्ञान विषय अध्ययन गराउन मन्थली मा.वि. लाई छात्रवृत्ती अनुदान प्रदान गरिएको छ ।
३. २२ वटा माध्यामिक विद्यालयमा जुनियर रेडक्रस सर्कल र स्काउट ट्रुप एवं ५ वटा आधारभूत विद्यालयमा स्काउट ट्रुप स्थापना भई विद्यार्थीहरुमा सामाजिक सदभाव र सदाचारको भावना विकासमा सहयोग पुगेको छ ।
४. खेलकुदको माध्यमवाट युवाहरुको अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउन नगर कप भलिवल प्रतियोगिता एवं क्लव स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिएको छ।
५. माध्यमिक तहका बालबालिकाको अन्तरनिहित क्षमता देखाउन राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, विज्ञान सामग्री प्रदर्शनी र हाजिरी जवाफ प्रतियोगिता २२ वटा विद्यालयहरुको सहभागितामा सञ्चालन गरिएको छ।
६. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्विका लागि ३१ बुँदे साझा प्रतिवद्वता जारी शैक्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन तथा रोष्टर विज्ञ (अङ्ग्रेजी, गणित र विज्ञान) को सहयोगमा माध्यामिक विद्यालयमा अनुगमन, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान गरिएको छ ।

## स्वास्थ्य सेवा तर्फ

१. मन्थली अस्पतालमा थप सेवा विस्तार गरी दन्त सेवामा ९९४ जना, आखाँसेवामा १ हजार ४ सय ९० जना र फिजियोथेरापीमा ३ हजार ३ सय ८६ जनाले सेवा प्राप्त गरेका छन् ।
२. दीर्घरोगीहरुलाई (क्यान्सर, डाइलाइसिस गरी रहेका, मिर्गौला प्रत्यारोपण गरेका र मेरुदण्ड पक्षघात) साउन देखि मासिक रु ५०००/- का दरले ८१ जनालाई रकम उपलब्ध गराउदै आएको छ ।

३. वृहत पोषण प्याकेजको स्वास्थ्यकर्मी / महिला स्वास्थ्य स्वयंसेविकाहरु २४९ जनालाई क्षमता अभिवृद्वि तालिम सञ्चालन गरिएको छ ।

४. मन्थली नगरपालिका, जर्मन नेपाल सहयोग संघ र विकासका लागि एकता लगायत विशेषज्ञ सहितको स्वास्थ्य शिविरवाट ४ हजार २ सय ८७ जना लाभान्वित भएका छन् ।

५. मन्थली अस्पतालको लागि अल्ट्रासाउन्ड, ILR Refrigerator र ल्याव सामाग्री खरिद गरी स्वास्थ्य सेवालाई सुद्रढ गरिएको छ ।

६. २४ घण्टे प्रशुति केन्द्र मार्फत प्रशुति सेवा ३३७ जना र प्रशुति शल्यक्रिया २७ जनाको भएको छ ।

७. दलित महिला, एकल महिला, ख वर्गको अपाङ्गता भएको व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका र ६०-६९ वर्ष सम्मका दलित घरपरिवारलाई लक्षित गरी ५० प्रतिशत सुविधा दिएर २९५ जनाको स्वास्थ्य वीमा भएको छ ।

८. छोरीको जन्मलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत ५८ जना वालिकाहरु लाभान्वित भएका छन् ।

९. दीर्घ तथा कडा रोग भएका ८२ जनालाई विपन्न औषधि उपचारका लागि सिफारिस गरिएको छ।

## सामाजिक समावेशीकरण तर्फ

१ मन्थली कोपिला बाल पत्रिका प्रकाशन गरिएको छ ।

२ सीप तथा व्यवसायिक कार्यक्रम अन्तर्गत वाख्रापालन, जुत्ता बनाउने, एक महिने उन वुनाई र कम्प्युटर तालिमवाट २४३ जना लाभान्वित भएका छन् ।

३ अल्पकालिन सेवा केन्द्र मन्थलीबाट हिंसामा परेका १७ जना महिलाहरुलाई सुरक्षा, बसोबास, उपचार गरेर संरक्षक व्यक्ति र संस्थामा बुझाइ सेवा प्रदान गरको छ ।

४ १४ वटै वडामा बालमैत्री स्थानीय शासन वडा समिति गठन भई बालमैत्री वडा घोषणाका लागि कार्य प्रारम्भ गरिएको छ ।

५ स्थानीय बालमैत्री शासन युक्त नगरपालिका घोषणा १२ औं नगरसभाबाट ०८१ जेष्ठ मसान्तभित्र गरी सक्ने प्रतिवद्वता वमोजिम कार्यहरु भईरहेको छ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा तर्फ

१ १४ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मुल अभिलेखीकरण गरी त्रैमासिक रुपमा वैकिङ्ग प्रणाली मार्फत ६०४९ जना लाभग्राहीहरुलाई भत्ता उपलव्ध गराइएको छ ।

२ व्यक्तिगत घटना दर्ता (जन्म र मृत्यु) ३५ दिन भित्र गराउने प्रोत्साहन कार्यक्रम र सप्ताह व्यापी ४ वटा वडामा अभिमुखीकरण तथा छलफल कार्यक्रम सञ्चालन गरिएको छ ।

## पुर्वाधार विकास योजना तर्फ

१. सडक पूर्वाधार तर्फ सावाँडाँडा-पशुपति-सिक्राल-साउनेपानी सडक, देविटार-फुलासी (पोखरीडाँडा) सडक, भुत्याखोला-कठजोर सडक, ठूलीमदौ-अर्चले-डाँडागाउँ सडकहरुको चालु आ.व. मा करिव ६ कि.मि कालो पत्रे सम्पन्न भएको छ ।

२. वडा कार्यालय भवन निर्माण तर्फ वडा नं १ को तला थप वडा नं ३, ७, ११ र १३ को कार्यालय भवन निर्माण कार्यको २२ प्रतिशत प्रगति भएको छ ।

३. आ.व. २०७७/०७८ मा वडा नं ६ को नवुघाट लिफ्ट सिँचाई योजना सुरु भएको तीन आ.व. मा कूल ७५ लाख को लागतमा निर्माण सम्पन्न भई सञ्चालनमा ल्याइएको छ ।

४. मन्थली-चनखु-पोखरीडाँडा सडकको महादेवटार खोला तथा मन्थली-गेलु सडकको बफरखोलामा ह्यूम पाइप कल्भर्ट निर्माण गरी वर्षातको समयमा पनि सडक सुचारु हुने व्यवस्था मिलाइएको छ

५. १४ वटै वडामा एक वडा एक प्रतिक्षालय निर्माण हुनुका साथै नगरको ३ स्थानमा हेलिप्याड निर्माण गरिएको छ ।

६. भूमिगत सिँचाई कार्यक्रम अन्तर्गत प्रदेश सरकार समेतको साझेदारीमा वडा नं १ र २ मा १३ वटा स्यालो ट्यूवेल सिँचाई सञ्चालनमा आएको छ ।

७. नेपाल विद्युत प्रधिकरणको सहयोगमा मन्थली बजारमा स्मार्ट तथा हाइमास्ट सडक बत्ती व्यवस्थापन गरिएको छ ।

८. थानापति महादेव मन्दिर परिसरमा स्नान घर सहितको शौचालय निर्माण र धार्मिक पर्यटन प्रवर्धनका लागि गुरुयोजना सहितको DPR निर्माण गरिएको छ ।

९. छिमेकी पालिकाहरुसँगको समन्वय र सहकार्यमा धार्मिक पर्यटन प्रवर्धनका लागि ऐरम्वास मन्दिर, तिल्केस्थान गढी र त्रिवेणी धाममा साझेदारीका कार्यहरु गरिएको छ ।

## न्यायिक क्षेत्र तर्फ

१. ऐन १, कार्यविधि १०, निर्देशिका १ र नीति १ गरी १३ वटा ऐन कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।
२. न्यायिक समितिबाट ४१ वटा उजुरीमा २५ वटा उजुरी फर्छौंट गरिएको छ ।
३. मेलमिलाप केन्द्रहरु १४ वटै वडामा अनुगमन र अन्तर्क्रिया गरी व्यवस्थित गरिएको छ ।

## विपद व्यवस्थापन तर्फ

१. नगर भित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्दै उद्धार, राहत वितरण साथै विपतमा प्रयोग हुने दमकल, एम्वुलेन्स, सववाहन र व्याकहोलोडरलाई २४ सै घण्टा सुचारु अवस्थामा राखी वर्षादले अवरुद्ध भएका सडकहरुलाई सिघ्र सञ्चालनमा ल्याइएको छ ।
२. नगरपालिका र टोल विकास संस्थाको सहकार्यमा वजार सरसफाईमा जोड दिईएको छ ।
३. यस वर्षको वर्षायाममा विभिन्न प्रकोपमा परेका ७३ जना नागरीकहरुलाई रु ५ हजार देखि २० हजार सम्म राहत उपलव्ध गराइएको छ ।

**नगरसभाका सदस्यज्यूहरु,**

अव म आगामी आ.व.२०८०/८१ मा नगरपालिकाले लिने विषयक्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।प्रस्तुत गरिएका नीतिहरु मध्ये अधिकांश नीतिहरु नगरको बजेटबाट व्यवस्था हुने गरी र केही नीतिहरु अन्य निकायको सहकार्य र समन्वयमा हुने गरी प्रस्ताव गरिएको छ।

## १. सार्वजनिक सेवा प्रवाह र क्षमता विकास

१. नगरपालिका र अन्तर्गतका कार्यालयहरुको कामलाई पूर्वाधार, उपकरण र प्रविधिमैत्री बनाउँदै लगिनेछ ।
२. नगरपालिकाको क्षमता विकास योजनामा उल्लेख गरे अनुसारका कार्यक्रम कार्यान्वयन गर्दै जनप्रतिनिधि र कर्मचारीहरुका लागि समयानुकूल क्षमता विकासका कार्यक्रम गरिनेछ ।

३. योग्यता तथ कार्य सम्पादनका आधारमा सबै कर्मचारीको क्षमता विकासको अवसर दिईनेछ ।

४. नगरपालिकाबाट प्रवाह हुने सेवालाई अझ प्रभावकारी र मितब्ययी बनाई नागरीकमैत्री बनाउँदै लगिनेछ ।

५. बिभिन्न क्षेत्रमा उत्कृष्ट योगदान गरी नगरको विकास र सेवा प्रवाहमा उल्लेख्य योगदान, पुर्याउने ब्यक्ति, समुदाय, संघसंस्थाहरुलाई सम्मान गर्ने नीति लिईनेछ।

६. कार्यालयका जिन्सी सामानहरुको अभिलेखीकरण, संरक्षण तथा पुराना र उपयोगमा नआएका मालसामानहरु लिलाम गर्दै लगिनेछ ।

७. मन्थली नगरपालिका र अन्य स्थानीय तह बीचमा साझा र द्विपक्षीय लाभका विषयमा साझेदारी एवं भगिनी सम्बन्ध कायम गरिनेछ ।

८. सञ्चार क्षेत्रसँगको सहकार्यमा नागरीकको सहज पहूँच हुनेगरी सूचनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. नगरपालिकाबाट प्रवाह हुने आधारभूत सेवा नागरीकलाई नजिकबाट उपलब्ध गराउन वडास्तरमा एकीकृत घुम्ती शिविरहरु लगिनेछ।

१०. सार्वजनिक सुनुवाई कार्यक्रमलाई नागरिकसँग प्रत्यक्ष संवाद र स्थानीय गुनासोलाई प्रष्फुटन र समाधानका लागि कम्तिमा ३ वटा नगरस्तरीय कार्यक्रम र प्रत्येक वडामा वडास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ।

११. नगरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुको प्रशासनिक र ब्यवस्थापकीय कामलाई प्रविधिमैत्री बनाउनका लागि सबै वडामा इन्टरनेट सेवा दिगो र भरपर्दो बनाइनेछ।

१२. चालु आ.व. बाट शुरू गरिएको विद्युतीय भुक्तानी ( **EFT** ) प्रणालीलाई निरन्तरता दिइनेछ ।

१३. आन्तरीक नियन्त्रण प्रणाली निर्देशिका २०७८ वमोजिम नगरपालिका र अन्तर्गतका कार्यालयबाट सम्पादन गरीने कार्यहरु प्रभावकारी, पारदर्शी र मितव्ययी बनाइनेछ ।

१४.नगरका प्रमुख सार्वजनिक स्थानमा **FREE WIFI** सेवाको व्यवस्था गरिनेछ ।

## २. आन्तरीक आय र राजश्वः

१. करको दरभन्दा दायरा विस्तारलाई प्रथामिकता दिइ करका दरहरु निर्धारण गरिनेछ।

२. नगरक्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक तथा नगरको स्वामित्वमा रहेका जग्गा जमिनमा निर्मित संरचनाहरुलाई वाहालमा लगाई करको दायरामा ल्याइनेछ।

३. नगरपालिकाको लगानीमा निर्माण भएका पूर्वाधार तथा सडकहरुमा लगाउदै आएको सेवा शुल्कलाई यथावत राखिनेछ।
४. नगरक्षेत्र भित्रका ब्यापार ब्यवसाय, बैंक वित्तिय संस्थाहरु, उद्योग, फर्म, गैसस, सहकारी, सामुदायिक लगायतका संघसंस्थालाई अनिवार्य दर्ता/नवीकरण गर्ने नीतिलाई निरन्तरता दिईएको छ।
५. महिला र अपाङ्गता भएका ब्यक्तिहरुको नाममा दर्ता भएका ब्यवसायहरुलाई तोकिएको ब्यवसाय करमा १० प्रतिशत छुट दिने कार्यलाई आगामी आ.व.मा पनि निरन्तरता दिइनेछ ।
६. आगामी आ.व. बाट वडा कार्यालयवाटै राजश्व संकलन गर्ने र करदाताले कर बुझाउन प्रविधिको प्रयोग गरिनेछ।
७. घरवहाल कर निर्धारण गर्न निश्चित मापदण्ड बनाईनेछ। असोज मसान्तसम्म एकमुष्ट वार्षिक बहाल कर वुझाउने घरधनी वा ब्यवसायीलाई वार्षिक वहाल करको १० प्रतिशत छुट दिइने व्यवस्था कायमै राखिनेछ ।
८. राजश्व छली र चुहावट नियन्त्रणका लागि नियमित अनुगमन तथा सरोकारवालाहरुसँग सहकार्य गरिनेछ। कर नतिर्ने वा छली गर्नेहरुलाई कानुन वमोजिम कारवाही गरिनेछ ।
९. नगरपालिका भित्रका सार्वजनिक ऐलानी जग्गामा विगतदेखि ब्यवसाय गरी बसेका ब्यवसायीहरुलाई सो जग्गाको वहाल कर संकलन तथा ब्यवसाय दर्ता/इजाजत दिने प्रक्रिया अगाडि वढाइने छ।
१०. चालु आ.व. मा वडा नं १ बाट शुरु गरिएको घर नं कायम गर्ने कार्यलाई अन्य वडाहरुमा क्रमशः विस्तार गर्दै लगिनेछ ।

# ३. आर्थिक विकास समिति

## क. कृषि विकास

१. एक वडा एक उत्पादन को नीति अनुरुप पकेट वालीहरु मार्फत व्यवसायिक खेतीलाई प्रोत्साहन गरिनेछ।
२. जुनार, सुन्तला, कागती जस्ता अमिलो जातका फलफूलहरुको प्रवर्द्धन एवं उत्पादन वृद्धि गरी व्यवसायीकरण गरिनेछ ।
३. उत्पादनमा दिईने अनुदानलाई क्रमशः कम गर्दै उत्पादित वस्तुको विक्रीवितरण मूल्यमा अनुदान उपलब्ध गराईनेछ ।

४. चिया उत्पादनलाई प्रोत्साहन र वजारीकरण गर्न र चियाको सम्भाव्यता अध्ययनका लागि संघीय र प्रदेश सरकारका साथै नीजि क्षेत्रसँग समन्वय र साझेदारी गरिनेछ।
५. आधुनिक प्रविधि प्रसार तथा हस्तान्तरण मार्फत साना किसानहरुलाई प्रविधिको पहुँच बढाउँदै लगिनेछ।
६. कृषि उपजको क्षति न्यूनीकरण र बेमौसमी तरकारी फलफुल बिक्री वितरणको लागि प्रदेश सरकार र नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा बाँकी काम सम्पन्न गरी चिस्यान केन्द्र सञ्चालन र उपयोग गरिनेछ।
७. नगर र हेफर परियोजनासँगको साझेदारीमा कृषक सचेतना, कृषि उत्पादन वृद्धि र पशुविकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
८. स्थानीय किसानहरुको आवश्यकताका आधारमा विभिन्न खाद्यान्न वालीका उन्नत विउ र विषादी सम्वन्धित वडाबाटै वितरण गर्ने ब्यवस्था मिलाईने छ।

**ख. पशु सेवाः**

१. पशुपंक्षी पालन तथा पशु आहारको पकेट कार्यक्रम सञ्चालन गरी नगरलाई पशुपंक्षीजन्य उत्पादन, घाँसेवाली र घाँसको विउमा क्रमशः आत्मनिर्भर बनाउँदै लगिनेछ।
२. दुग्ध उत्पादनको विक्री वितरणलाई प्रोत्साहित गर्न साविकमा प्रति लिटर दुधको विक्री वापत किसानलाई दिईंदै आएको २ रुपैया अनुदानलाई बढाई २ रुपैंया पचास ५० पैसा दिइनेछ ।
३. पशुस्वास्थ्य सेवा विस्तारमा जोड दिदै सेवा केन्द्रमा आवश्यक औषधी उपकरण र जनशक्तिको ब्यवस्था गरिनेछ ।
४. पशुपंक्षीहरुमा देखिने पटके रोग, परजिवी र महामारी नियन्त्रणका लागि आवश्यक औजार र विषादीको ब्यवस्था तथा वडागत उपचार शिविरहरु सञ्चालन गरिनेछ ।
५. स्थानीय स्तरमा पशु तथा कृषि क्षेत्रका जनशक्ति उत्पादनका लागि चालु आ.व.मा रामेछाप पोलिटेक्निकमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई दिईदै आएको छात्रवृतिलाई निरन्तरता दिँदै थप १४ जना विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराईनेछ ।

**ग. सहकारीः**

१. सहकारीको मूल्य, मान्यता र सिद्दान्तलाई अनुसरण गर्न गराउन सबै सहकारीलाई प्रेरित गरिनेछ।

२. कृषि उत्पादन भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामाग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाको संलग्नता र सहभागितालाई प्रथामिकता दिईनेछ ।

३. स्थानीय पुँजी ,श्रम सीप र साधनको परिचालन गरी नगरको अर्थतन्त्र विकास गर्न सहकारीमा आधारित कृषिसँग सम्बन्धित उद्यम व्यवसायलाई प्रवर्धन गरिनेछ ।

४. सहकारी संघ संस्थाहरुको नेतृत्वमा लैंगिक समानता र समावेशीताको अवधारणा बिकास गर्न सकारात्मक विभेदका विशेष व्यवस्थाहरुका साथै नेतृत्व क्षमता विकासका लागि सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## घ. उद्योग बाणिज्य तथा वित्तिय क्षेत्रः

१. **हाम्रो उत्पादन-राम्रो उत्पादन, स्थानीयको स्वाभिमान** को नारा सार्थक हुने गरी आर्थिक क्रियाकलापमा संलग्न गरी ब्यवसायिक, आयमूलक तथा सीपमूलक उद्यमशीलता तालिम प्रदान गरिनेछ। उद्यम स्थापना तथा वजारीकरणमा सहयोग पुग्ने गरी कोशेली घर निर्माण गरिनेछ।

२. लघु तथा घरेलु उद्योग सञ्चालनका लागि उद्यमी तथा व्यवसायीहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन बैङ्क तथा वित्तीय क्षेत्रसँग समन्वय गरिनेछ।

३. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मोडल अनुसार स्थानीय स्तरका विपन्न वर्गहरुको पहिचान गरी सहभागीहरुको मागमा आधारित आयमुलक र रोजगारीमुलक सीप विकास तालिम सञ्चालन गरिने छ ।

४. बैंकिङ, सहकारी र निजी क्षेत्रका ब्यवसायले नगरपालिकामा खर्च गर्नुपर्ने अनिवार्य सामाजिक दायित्वलाई एकीकृत गरी नगरको विकासमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

## ङ. रोजगार प्रवर्द्धनः

१. नगरपालिकामा सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई रोजगारी प्रदान गर्न सीपको आधारमा विकास निर्माणमा कार्यक्रमहरुमा परिचालन गरिनेछ ।

२. श्रमको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन गरिनेछ ।

३. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई उद्यमशीलता विकास गराउन आवश्यक सीप र प्रविधि उपलब्ध गराईनेछ ।

४. बैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई सुरक्षित,व्यवस्थित र मर्यादित बनाउनका लागि आवश्यक सूचना तथा परामर्श र सीप विकास तालिम प्रदान गरिनेछ ।

५. सुरक्षित आप्रवासन कार्यक्रम मार्फत बैदेशिक रोजगारीमा संलग्न परिवारलाई वित्तीय साक्षरता कक्षा सञ्चालन गरी स्वदेशमा प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

६. मनोसामाजिक समस्यामा परेका ब्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराई यसका कारण समाजमा हुने घटनाहरुलाइ न्युनीकरण गरिनेछ ।

**च. पर्यटनः**

१. नगरको योजनावद्ध पर्यटकीय विकास र विस्तारका लागि अन्तरनिकाय साझेदारी र समन्वय गरिनेछ ।

२. नगरपालिकाका पर्यटकीय सम्भावना भएका धार्मिक लगायतका स्थलहरुको पहिचान, संरक्षण र प्रचारप्रसार गरिनेछ।

३. पर्यटकहरुलाई आवश्यक सूचना तथा परामर्श प्रदान गर्न मन्थली एयरपोर्ट नजिक अडियो नोटिसवोर्ड र हेल्पडेक्स सञ्चालन गरिनेछ।

**छ. सिंचाई**

१. कृषिक्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न स्थान विशेषमा उपयुक्त साना सिंचाईका कार्यक्रम गरिनेछ।

२. तामाकोशी नदी आसपासका फाँटहरुमा संघ र प्रदेशको समन्वयमा लिफ्ट सिंचाईको सुरुवात गर्नुका साथै तामाकोशी नदीबाट नहर बनाई सिंचाई गर्नका लागि सम्भाव्यता अध्ययन अघि बढाइनेछ ।

**ज. भूमि व्यवस्थाः**

१. सार्वजनिक र गुठी जग्गाको अतिक्रमण र कृषियोग्य जमिनको खण्डीकरणलाई निरुत्साहित गर्दै लगिनेछ।

२. बाढी, पहिरो, भूक्षय, नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरी जमिनको संरक्षण गरिनेछ ।

३. नगरको भू-उपयोग नीति तर्जुमा गरी भूमीको वर्गीकरण, संरक्षण, उपयोग र विक्री वितरणलाई सहज बनाइनेछ ।

४. भूमिहीन दलित, सुकुम्वासी एवं अब्यवस्थित वसोवासीहरुको पहिचान गरी ब्यवस्थापन सम्वन्धी कार्यहरु संघीय सरकारसँगको समन्वयमा गरिनेछ ।

# ४. सामाजिक विकास समिति

## क. स्वास्थ्य तर्फ

१.**नगरवासीको नगर भित्रै** गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न १५ शैयाको मन्थली अस्पताललाई ५० शैयाको अस्पतालमा विस्तार गरी थप स्वास्थ्य सेवा विस्तार गर्न प्रदेश र सघीय सरकारसँग समन्वय गरिनेछ ।

२."**एक घर एक स्वास्थ्य वीमा**" कार्यक्रमलाई प्रभावकारी वनाउन स्वास्थ्य वीमा सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरी महिला स्वास्थ्य स्वयंसेविकाहरुको निरन्तरता दिईनेछ। साथै दलित महिला, एकल महिला, ख वर्गको अपाङ्गता भएका व्यक्तिहरु, र ६० देखि ७० वर्षका सबै दलित घरपरिवारका नयाँ लभाग्राहीहरुका लागि ५०% वीमा रकममा अनुदान दिइनेछ।स्वास्थ्य वीमाको माध्यमवाट नागरीकको स्वास्थ्य उपचारमा सरलीकृत गरिनेछ।

३. स्वास्थ्य सेवालाई सहजता तथा समुदाय स्तरमा विशिष्ट स्वास्थ्य सेवा प्रदान गर्नको लागि विभिन्न निकायको सहकार्यमा स्वास्थ्य शिविर मार्फत स्वास्थ्य सेवा दिने व्यवस्था मिलाईनेछ।

४. स्वास्थ्य केन्द्रहरुमा सुरक्षित प्रशुति सेवा अभिवृव्दि गर्न सुत्केरीसँग उपप्रमुख कार्यक्रम, छोरीको जन्मलाई प्रोत्साहित गर्न "**छोरी वचत प्रोत्साहन**" कार्यक्रम सञ्चालन र जटिल प्रकारका प्रसुति सेवाको लागि रेफरल फण्ड, निशुल्क एम्बुलेन्सको व्यवस्थापन गरिनेछ।

५. विद्यालय नर्स तथा अन्य स्वास्थ्यकर्मी मार्फत "**किशोरीसंग नर्स, विद्यार्थीसंग स्वास्थ्यकर्मी तथा जेष्ठ नागरीकसंग स्वास्थ्यकर्मी**" कार्यक्रम सञ्चालन गरी नागरीकहरुमा स्वास्थ्य प्रवर्धन तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा जोड दिइनेछ ।

६. नागरीक आरोग्य समिति मार्फत योगध्यान केन्द्रलाई सवै वडाहरुमा सञ्चालनमा ल्याइनेछ ।

## ख. शिक्षा तर्फ

१. आधारभूत तहमा विद्यालय उमेर (५-१२ वर्ष) का सम्पूर्ण बालबालिकाहरु विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने वातावरण सिर्जना गरी भर्ना सुनिश्चित गरिनेछ ।

२. शैक्षिक कार्यक्रमलाई बालमैत्री नगर घोषणाका न्यूनतम मापदण्ड पुरा हुने गरी केन्द्रित गरिनेछ ।

३. शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रविधिमैत्री र शैक्षिक सामग्री सहितको शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइ उत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने गराउने शिक्षक, विद्यार्थी र विद्यालयहरुलाई प्रोत्साहन एव पुरस्कृत गरिनेछ ।

४. विद्यार्थी संख्या र भौगोलिक अवस्थाको आधारमा दरवन्दी मिलान, विद्यालय समायोजन र माध्यामिक तथा आधारभूत (६-८) तहमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका न्यूनतम शिक्षक दरवन्दीको सुनिश्चित गरिनेछ ।

५. शैक्षिक सत्र २०७९ वाट कक्षा १ देखि अङ्ग्रेजी माध्यमवाट पठनपाठन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लगिनेछ।

६. सबै विद्यालयहरुलाई क्रमशः ICT तथा इन्टरनेटको पहुँचमा पुर्याई प्रविधिमैत्री शिक्षामा जोड दिई कागज विहिन सेवा प्रवाहको शुरुवात गरिनेछ।

७. कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक सन्दर्भ सामग्रीहरुको विकास तथा छपाई गरिनेछ।

८. पूर्व प्राथमिक कक्षा/ वाल विकास केन्द्रहरुमा वाल मनोविज्ञानमा आधारित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइनेछ ।

९. विद्यार्थीहरुको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउन माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रदर्शनी, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता र वडा स्तरमा आधारभूत तहस्तरीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ।

१०. १४ वटै वडाबाट एक एक जना विद्यार्थीलाई निःशुल्क विज्ञान विषय अध्ययन गराउनका लागि मन्थली मा.वि. लाई दिइँदै आएको छात्रवृत्ती अनुदानलाई निरन्तरता दिईनेछ ।

११. १-२, १-५, १-८, १-१०, १-१२ कक्षा सञ्चालन भएका विद्यालयलाई स्वमूल्याङ्कनको आधारमा नमूना विद्यालय पहिचान गरि घोषणा गर्दै लगिनेछ।

१२. विद्यार्थीहरुमा सामाजिक सद्भाव र सेवाको भावना जागृत गराउन नेपाल स्काउट, रेडक्रस र वाल समूहहरुलाई क्रियाशिल गरिनेछ ।

१३. खेलकुदको माध्यमवाट युवा तथा विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा सहयोग पुर्याइनेछ।

१४. नगरस्तरीय युवा परिषद मार्फत युवाहरुसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## ग सामाजिक समावेशीकरण (महिला, वालवालिका तथा समाजकल्याण)

१. वालमैत्री स्थानीय शासनयुक्त नगरपालिका निर्माणका आवश्यक पूर्व तयारी गरी आगामी २०८१ जेष्ठ मसान्त भित्र घोषणा गर्न र बालकोष स्थापना गर्न अन्य निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

२. लैङगिक हिंसा, जातिय विभेद जस्ता कुरीति विरुद्धका सचेतना कार्यक्रम संचालन गरी हिंसा, विभेद र कुरीति न्यूनीकरणमा जोड दिईनेछ । यस्ता विभेद र हिंसा न्यूनीकरणका कार्यक्रम र अन्य दिवसीय कार्यक्रमहरु सामुदायिक प्रहरी समेतको साझेदारीमा सञ्चालन गरिनेछ।

३. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, दलित, जनजाति, अल्पसंख्यक र सीमान्तकृत समुदायको सामाजिक आर्थिक उत्थानका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. अनाथ, वेसाहारा र वेवारिसे सडक मानवको उचित व्यवस्थापन गर्दै लगिनेछ।

५. हिंसा प्रभावित महिलाहरुको लागि अल्पकालिन सेवा केन्द्र (Safe House) लाई व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्न अन्य स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

## घ पञ्जीकरण

१. जन्म, विवाह ,मृत्यु ,बसाईसराई जस्ता व्यक्तिगत घटनादर्ता कार्यलाई वडास्तरबाट नै अनलाईन प्रविधिबाट प्रविष्ट गर्दै व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अभिलेख व्यवस्थित गरिनेछ ।

२. बैकिङ्ग प्रणालीबाट वितरण हुदै आएको सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा देखा परेका समस्याहरुलाई सहकार्य र समन्वयमा समाधान गरी सहज बनाईनेछ ।

## ङ. कला, भाषा र संस्कृति

१. नगर भित्रका विविध जातजातिका कला भाषा र संस्कृतिहरुको संरक्षण र सम्वर्दन गरी आन्तरिक र वाह्य पर्यटकहरुको लागि आकर्षण केन्द्रको रुपमा विकास गरिनेछ।

**च. खानेपानी तथा सरसफाई**

१. नगर क्षेत्र भित्र संघीय र प्रदेश सरकारवाट सञ्चालित खानेपानी आयोजनाहरु निर्धारित समयावधिमा सम्पन्न गर्न गराउन सहजीकरण गर्ने र स-साना खानेपानीका मुहानहरुको संरक्षण र सम्वर्द्धन गरी खानेपानीको समस्यालाई न्यूनीकरण गरिनेछ ।

२. **एक घर एक धाराको** नीति अनुरुप खानेपानी सम्वन्धी विस्तृत योजना निर्माण गरी संघ र प्रदेश सरकारको अलवा दातृ निकायहरुको खोजी गर्नुका साथै सरसफाई सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. सवै वडाहरुको फोहोर व्यवस्थापन गर्न विशेष योजना वनाई कार्यान्वयनमा ल्याइनेछ।

## ५. योजना तथा पुर्वाधार विकास

१। **नगर-वडा साझेदारी- विकास निर्माणमा बराबरी**को नीति अनुसार ५०/५० प्रतिशतमा वडाबाट प्रस्ताव गरेका एक/एक ठुला आयोजनालाई नगरबाट रु.१५ लाख रकम थप गरी कार्यान्वयन गरिनेछ ।

२। **नगर नागरीक हिस्सेदारी- नगर निर्माणमा जिम्मेवारी**को नीति अनुसार पुर्वाधार निर्माणमा नगरको ७० प्रतिशत र समुदायको ३० प्रतिशतको साझेदारी रहने कार्यक्रम शुरु गरिनेछ ।

३। योजना अनुगमन प्रणालीलाई व्यवस्थित गरिनेछ। अनुगमन समितिका प्रतिवेदनहरु कार्यपालिकामा छलफल भई आएको सुझावाहरू कार्यान्वयन गरिनेछ।

४।**दश लाख** वा सो भन्दा माथिका योजना नगरस्तरीय अनुगमन समितिद्वारा र सो भन्दा मुनीको योजनामा नगर तथा वडास्तरीय अनुगमन गरीने कार्यलाई प्रभावकारी बनाउँदै निरन्तरता दिईनेछ ।

५।**मन्थली नगर-उज्यालो शहर** बनाउने गरी नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा विद्युत पुग्न बाँकी सबै वडाका घर/टोलमा विद्युतिकरण गर्ने र सडक बत्ती बाल्ने कार्यलाइ विस्तार गरिँदै लगिनेछ ।

६। निर्माण भएका र निर्णाधिन सडकहरुमा परेको जग्गाको लागत कट्टा गर्ने कार्य अन्य निकायको सहयोगमा सुरु गरिनेछ ।

## ६. वातावरण तथा विपद् व्यवस्थापनः

१।संभावित विपद्को पुर्व तयारी, प्रतिकार्य, पुर्नलाभ र पुनःस्थापनाको लागि आवश्यक पर्ने जनशक्ति, श्रोत साधन, उपकरण तथा राहत सामाग्रीको अन्य निकाय समेतको साझेदारीमा चुस्त व्यवस्थापन गरिनेछ। नगरपालिकामा रहेको विपद कोषलाई थप बलियो बनाइनेछ।

२।मन्थली नगरपालिकाको अधिकांश भुभाग सुख्खाग्रस्त क्षेत्र भएकाले पानीका मुहान संरक्षण पुराना आहाल, पोखरी र रिचार्ज पोखरीहरुको निर्माण तथा सुधार गरिनेछ।

३।बजारबाट निस्किने फोहोरमैला व्यवस्थापनको लागि फोहोर निस्काशनको स्थानमा नै वर्गीकरण गरी **दैनिक** उठाउने र उचित विसर्जन गर्ने व्यवस्था मिलाइनेछ ।

४।**सरसफाईयुक्त र सुन्दर मन्थली** हुनेगरी बजार सफाई गरिनेछ र पैदलयात्रीलाई सहज हुने गरी सडक पेटी खुला बनाउँदै लगिनेछ ।

५।फोहरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि फोहोर प्रसोधन केन्द्र निर्माण गर्न स्थान छनोट गरी अन्य निकायसँगको साझेदारीमा निर्माणको काम थालनी गरिनेछ।

६। घ्याप्चेको पहिरोबाट सिर्जना हुने जोखिम न्यूनीकरणका लागि अन्य निकायको समेत सहयोगमा विस्तृत अध्ययनको थालनी गरिनेछ ।

## ७. कानुन तथा न्याय

१. कानुन निर्माण प्रक्रियाका बारेमा जनप्रतिनिधिहरुको क्षमता विकासका साथै सरोकारवालाको सहभागितालाई प्राथमिकता दिइनेछ ।

२. न्यायिक समितिका पदाधिकारी र जिल्लाका न्यायिक, अर्ध न्यायिक निकाय तथा अन्तरपालिकास्तरीय समन्वयात्मक वैठक र कार्यक्रम गरिनेछ।

३. न्यायिक समितिमा आउने उजुरीको नियमित र लक्षित वर्गका लागि निरन्तर सुनुवाईको व्यवस्था गरिनेछ।

४. वडास्तरका मेलमिलाप केन्द्रको व्यवस्थापनमा सहयोग गर्दै लगिनेछ।मेलमिलाप कर्ताको प्रोत्साहनका लागि श्रममा आधारित प्रोत्साहन रकमको व्यवस्था गरिनेछ।

५. हिंसापीडित असहाय महिलाका जीविकोपार्जनमा टेवा पुर्याउन **उपप्रमुखसँग असहाय महिला** कार्यक्रम सञ्चालन गरिनेछ ।

## ८. समन्वय तथा साझेदारी

१. नगर र जिल्लाकै महत्व राख्न सक्ने सबै योजना र कार्यक्रम कार्यान्वयन गर्दा संघीय तथा प्रदेशस्तरीय कार्यालय, अन्य स्थानीय तहहरु, संघसंस्था, नागरीक समाजसँगको सहकार्य र समन्वयलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ।

२. राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैसस, सहकारीहरु, निजीक्षेत्रलाई नगरपालिकामा सूचीकृत गर्ने र आफ्ना योजना/ कार्यक्रमहरु अनिवार्य रुपमा नगरसभावाट स्वीकृत गराउने ब्यवस्था गरिनेछ ।

३. नगरको सरसफाई, हाटबजार ब्यवस्थापन, विकास निर्माण र औधोगिक विकासका कार्यमा लगानी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

४. सेफ हाउस सञ्चालन, वारुणयन्त्र, एम्बुलेन्स, शवबाहन जस्ता आकस्मिक सेवाहरु एवं पर्यटन विकासमा समेत पालिकाहरुबीच सहकार्य गरिनेछ ।

**अन्त्यमा**, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सुचाङ्कका आधार र मन्थली नगरपालिकाले लिएका नीति र कार्यक्रमका आधारमा गरिएको **संस्थागत स्वमूल्यांकन (LISA)** मा नगरपालिकाले आव २०७६/७७ को मुल्यांकनमा ६३.२५ अंक प्राप्तगरी सन्तोषजनक र आ.व. ०७७/ ७८ र आव ०७८/ ७९ को मुल्यांकनमा क्रमशः ६५.२५ र ६९ प्राप्तगरी सन्तोषजनक नतिजाका साथ जिल्लाका ८ वटा पालिकामा प्रथम हुन सफल भएको छ। साथै आ.व. ०७८/ ७९ को **स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन** मा समेत ७८ अंक प्राप्त गरी जिल्लामा प्रथम हुन सफल भएको छ। यस कार्यमा संलग्न नगरकार्यपालिका, नगरसभा र सबै कर्मचारीलाई धन्यवाद दिँदै आगामी दिनमा अझ उत्कृष्टता हासिल गर्न सफल हुने अपेक्षा गरेको छु। साथै २०७१ मंसिर १६ मा घोषणा भई न्यून पूर्वाधारको संरचनाबाट शुरु गरी आजको दिनसम्म यस नगरपालिकालाई यस स्थानसम्म ल्याउनको लागि विगतमा नेतृत्व गर्नुहुने जनप्रतिनिधि एवं कर्मचारीहरुलाई हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रम यो सभाको अधिवेशनबाट पारित गराई कार्यान्वयन गर्न नगरसभाका सबै सदस्यज्यूहरुको रचनात्मक र सिर्जनात्मक सोच सहित सकारात्मक भूमिकाको अपेक्षा गरेको छु।

उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरु, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सबै सदस्यज्यूहरु एवं नगरसभाका सदस्यज्यूहरु, राजनीतिक दल तथा सम्पूर्ण कर्मचारीहरुलाई योजना तर्जुमाका सबै प्रक्रियामा सक्रिय सहभागिता रहे झैं कार्यान्वयन प्रक्रियामा पनि सहकार्यको अपेक्षा गर्दै यस गरीमामय नगरसभाको अधिवेशन सफल पार्न खट्नु भएकोमा यहाँहरु सम्पूर्णमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद**

**१० असार २०८०**

लव श्रेष्ठ,
नगरप्रमुख
**मन्थली नगरपालिका**